आज मिति २०८१ साल बैशाख २८ गते विहानको ८ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८०/०८१ को चौधौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ५ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| ११ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १२ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १३ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १६ | श्री जित बहादुर पुरी | का.वा. वडा अध्यक्ष वडा नं. २ | |
| १७ | श्री गोविन्द भट्टराई | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | अधिकृत छैठौं | |
| २ | यादव के.सी. | शिक्षा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | मन बहादुर घर्ती | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## चौधौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको प्रतिवद्धता सम्बन्धमा ।
२. आगामी आ.व. २०८१/०८२ मा प्राप्त संघीय/प्रदेश सरकारबाट प्राप्त अनुमानीत वजेटको जानकारी सम्बन्धमा ।
३. विभिन्न कानुनहरु स्वीकृत सम्वन्धमा ।
४. सुलिचौर, रुइनिबाङ बजार क्षेत्रमा सिसि क्यामेरा जडानका लागि माग सम्बन्धमा ।
५. वालवोध आधारभूत विद्यालयको जग्गा खरिद सम्वन्धमा ।
६. विविध छलफल सम्बन्धमा ।

## २०८१ बैशाख २८ गते बसेको चौधौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको प्रतिवद्धता सम्बन्धमा । | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि प्रतिवद्धता व्यक्त गर्न आवश्यक रहेको । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/०१/१७ को सूचना मार्फत बेलायत सरकारको आर्थिक सहायतामा संचालन हुने स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यक्रममा सहभागी भई उक्त कार्यक्रमको मापदण्ड बमोजिमका आयोजना सञ्चालन गर्न सुनिलस्मृति गाउँपालिकाको सहभागिताका लागि तपसिलका निर्णयहरू गरियो ।<br>१. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा गाउँपालिकाको सहभागि हुने । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) समावेश गर्ने गरी नीति तर्जुमा गर्ने ।<br>२. गाउँपालिका आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रममा स्थानीय पूर्वाधारका आयोजना बार्षिक बजेट तथा कार्यक्रममा समाबेश गर्न आवश्यक तयारी गर्ने सबै वडा समिति र बिषयगत शाखालाई लेखि पठाउने ।<br>३. गाउँपालिकाले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन गर्दा महिला दलित, जनजाति, आदिवासी, फरक क्षमता भएका नागरिक, मुस्लिम तथा पिछडा वर्गका नागरिकको प्रत्यक्ष सहभागिता एवम नवीनतम साधन/विधि अवलम्बन गरी आयोजना पहिचान, छनौट तथा सञ्चालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | ४. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम ( LISP) अन्तर्गतका आयोजना सञ्चालन गर्दा गाउँपालिकाको तर्फबाट गर्नुपर्ने लागत साझेदारीको जम्मा प्रतिशत वार्षिक बजेट तथा कार्यक्रममा पहिलो प्राथमिकतामा राखे ।<br>५. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत संचालन हुने आयोजनाको लागि गाउँपालिकाको तर्फबाट गर्नुपर्ने साझेदारीको प्रतिशत प्राथमिकताकासाथ् सुनिश्चित गरी SuTRA लगायतका प्रणालीमा प्रविष्टि, खरिद ब्यवस्थापन तथा खर्च लेखाङ्कन गर्नुका साथै प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्ने ।<br>६. गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH Plan ) चालु आर्थिक बर्षमा र यातायात गुरूयोजना (MTMP) आर्थिक बर्ष ०८१/०८२ को प्रथम त्रैमासिकमानै तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक बजेट बिनियोजन गर्ने र थप प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।<br>७. Local Infrastructure inventory system स्थापना तथा आवश्यकता अनुसार अध्यावधिक गरी स्थानीय पूर्वाधार सुधार तथा मर्मत सम्भार सम्बन्धी योजना तथा वजेट तर्जुमा र कार्यान्वयन गर्ने । | |
| २ | आगामी आ.व. २०८१/०८२ मा प्राप्त संघीय/प्रदेश सरकारबाट प्राप्त अनुमानीत वजेटको जानकारी सम्बन्धमा । | आगामी आ.व. २०८१/०८२ मा प्राप्त संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुमानीत वजेटको जानकारी गराउन आवश्यक रहेको । | आगामी आ.व. २०८१/०८२ मा प्राप्त संघीय सरकार राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारीस बमोजिम १० करोड ११ लाख र लुम्बिनी प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान तर्फ ६६ लाख ८६ हजार र सवारी साधन करको बाँडफाँडबाट ५१ लाख २३ हजार अनुमानीत वजेट प्राप्त भएको । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | विभिन्न कानुनहरु स्वीकृत सम्बन्धमा । | शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन कार्यबिधि, २०८१ र सुनिलस्मृति गाउँपालिकाको रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई स्वीकृत गर्न आवश्यक देखिएको । | विभिन्न मितिमा बसेको कानुन मस्यौदा समितिबाट विधायन समितिमा सिफारिस भई विधायन समितिबाट स्वीकृतका लागि गाउँ कार्यपालिकामा सिफारिस भई आएको शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन कार्यबिधि, २०८१ र सुनिलस्मृति गाउँपालिकाको रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | सुलिचौर, रुइनिबाङ बजार क्षेत्रमा सिसि क्यामेरा जडानका लागि माग सम्बन्धमा । | सुलिचौर, रुइनिबाङ बजार क्षेत्र अत्याधिक चाँप भई चोरी तथा डकैतिका घटनाहरु वढ्दो रुपमा हुन आएको हुदाँ शान्ति सुरक्षाका लागि बजार क्षेत्रमा सिसि क्यामेरा जडान गर्न आवश्यक रहेको । | सुलिचौर, रुइनिबाङ बजार क्षेत्र अत्याधिक चाँप भई चोरी तथा डकैति जस्ता घटनाहरु दिन प्रतिदिन ~~बढ्दो~~ वढ्दो क्रममा रहेको हुदाँ शान्ति सुरक्षाका लागि बजार क्षेत्रमा सिसि क्यामेरा जडान गर्न आवश्यक देखिएता पनि उक्त सिसि क्यामेरा जडानका लागि आवश्यक वजेटको व्यवस्था नभएको हुदाँ बजार क्षेत्रमा सिसि क्यामेरा जडानका लागि लुम्विनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र आन्तरीक मामिला तथा कानुन मन्त्रालयमा माग गरि पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५ | वालवोध आधारभूत विद्यालयको जग्गा खरिद सम्बन्धमा । | वालवोध आधारभूत विद्यालय वडा नं. ५ काभ्राको खेलकुद मैदान र भवन निर्माणका लागि जग्गा खरिद भएको जग्गा रजिष्ट्रेशन पासका लागि मालपोत कार्यालय लिबाङमा सिफारिस गर्न आवश्यक रहेको । | श्री बालवोध आधारभूत विद्यालय वडा नं. ५ काभ्राको मिति २०८१।०१।१३ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय तथा ५ नं. वडा कार्यालयको मिति २०८१।०१।१६ को सिफारिस पत्रानुसार बालवोध आधारभूत विद्यालय काभ्राको खेलकुद मैदान र भवन निर्माणका लागि खरिद गरिएको वडा नं.५ स्थित सेतु प्रसाद सुवेदीको नाममा दर्ता श्रेष्ता रहेको कित्ता नं. १२७१ मा रहेको ०.०२९० क्षेत्रफल, ऐ.ऐ. बस्ने श्री धनकला सुवेदीको नाममा दर्ता श्रेष्ता रहेको कित्ता नं. १२७२ मा रहेको ७८५ क्षेत्रफल र ऐ.ऐ. बस्ने कुशुमा सुवेदीको नाममा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं. १३१९ बाट कित्ताबाट गरी ३६८ वर्ग मिटर क्षेत्रफल रहेको जग्गा विद्यालयको नाममा नि:शुल्क रजिष्ट्रेशन पासका लागि मालपोत कार्यालय लिबाङ रोल्पामा सिफारिस गरि पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) कक्षा थप अनुमति सम्बन्धमा । | क) सुनिलस्मृति गाउँपालिका वडा नं. ६ स्थित मुनलाइट इङ्गिस बोर्डिङ स्कुलले कक्षा २ थप गरी पाउँ भनि दिएको निवेदन अनुसार मिति २०८१/०१/२७ गते बसेको गाउँ शिक्षा समिति बैठकले आवश्यक कागजात पुरा भई आएमा कार्यपालिका वैठकबाट स्वीकृतका लागि सिफारिस गरेको हुदाँ उक्त स्कुललाई कक्षा २ थपका लागि अनुमति दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष